आज मिति २०७४/०३/२८ गते यस रामेछाप नगरपालिका, नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री नरबहादुर थापा मगर ज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा बस्यो ।

उपस्थिति

१. नगर प्रमुख श्री नरबहादुर थापा मगर

२. नगर उप-प्रमुख श्री सृजना खड्का

३. वडा नं. १, वडा अध्यक्ष श्री नरबहादुर थापा क्षेत्री

४. वडा नं. २, वडा अध्यक्ष श्री निरबहादुर श्रेष्ठ

५. वडा नं. ३, वडा अध्यक्ष श्री भुपालराज श्रेष्ठ

६. वडा नं. ४, वडा अध्यक्ष श्री टुपेन्द्र बहादुर तामाङ्ग

७. वडा नं. ५, वडा अध्यक्ष श्री भिम बहादुर तमाङ्ग

८. वडा नं. ६, वडा अध्यक्ष श्री धन बहादुर खड्का

९. वडा नं. ७, वडा अध्यक्ष श्री समिर कार्की

१०. वडा नं. ८, वडा अध्यक्ष श्री केदार कार्की

११. वडा नं. ९, वडा अध्यक्ष श्री चन्द्र बहादुर श्रेष्ठ

१२. नगर कार्यपालिका सदस्य श्री जमुना हायु

१३. नगर कार्यपालिका सदस्य श्री समिता बि.क.

१४. नगर कार्यपालिका सदस्य श्री ज्ञानुदेवी वस्नेत कार्की

१५. नगर कार्यपालिका सदस्य श्री अनिता काफ्ले

१६. नगर कार्यपालिका सदस्य श्री कविता रिसाल

१७. नगर कार्यपालिका सदस्य श्री रुकुम हायु

१८. नगर कार्यपालिका सदस्य श्री सरोज कटुवाल

१९. नगर कार्यपालिका सदस्य श्री जनकराज सुनुवार

२०. नि.कार्यकारी अधिकृत श्री गणेश नेपाली

आमन्त्रित

२१. लेखा अधिकृत ज्ञान बहादुर खड्का

२२. खरिदार रा.प.अ. श्री धनमाया श्रेष्ठ

**प्रस्ताव नं. १ विधेयक समितिको संयोजकमा श्री नरबहादुर थापा क्षेत्रीलाई चयन गर्ने सम्बन्धमा ।**

निर्णय नं. १ प्रस्ताव नं.१ माथिको छलफल हुँदा यस रामेछाप नगरपालिका, नगरकार्यपालिकाको मि २०७४।०३।१७ को बैठकको निर्णयानुसार गठित विधेयक समितिको संयोजकमा समिति वि.क. रह भएकोमा उक्त विधेयक समितिको संयोजकमा श्री नरबहादुर थापा क्षेत्री चयन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.२ रामेछाप नगर कार्यपालिकाको कार्यसम्पादन नियमावली, २०७४ स्वीकृत सम्बन्धमा ।**

निर्णय नं. २ प्रस्ताव नं.२ माथि छलफल गर्दा रामेछाप नगर कार्यपालिकाको कार्यसम्पादन नियमाव २०७४ स्वीकृत गरी पारित गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.३ रामेछाप नगर कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यवि नियमावली, २०७४ स्वीकृत सम्बन्धमा ।**

निर्णय नं. ३ प्रस्ताव नं.३ माथि छलफल गर्दा रामेछाप नगर कार्यपालिकाको निर्णय वा आदेश अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली, २०७४ स्वीकृत गरी पारित गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.४ रामेछाप नगर कार्यपालिकाको बैठक संचालन कार्यविधि, २०७४ स्वीकृत सम्बन्धमा ।**

निर्णय नं. ४ प्रस्ताव नं.४ माथि छलफल गर्दा रामेछाप नगर कार्यपालिकाको बैठक संचालन कार्यवि २०७४ स्वीकृत गरी पारित गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.५ रामेछाप नगरपालिकाका पदाधिकारीहरुको आचारसंहिता, २०७४ स्वीकृत सम्बन्धमा ।**

निर्णय नं. ५ प्रस्ताव नं.५ माथि छलफल गर्दा रामेछाप नगरपालिकाका पदाधिकारीहरुको आचारसंहित २०७४ स्वीकृत गरी पारित गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.६ नगर सभा सञ्चालन कार्यविधि, २०७४ स्वीकृत सम्बन्धमा ।**

निर्णय नं. ६ प्रस्ताव नं.६ माथि छलफल गर्दा नगर सभा सञ्चालन कार्यविधि, २०७४ स्वीकृत गरी पारित गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.७ वार्षिक नीति कार्यक्रम तथा बजेट सम्बन्धमा ।**

निर्णय नं.७ प्रस्ताव नं. ७ माथि छलफल हुँदा यस रामेछाप नगरपालिका नगरकार्यपालिका अन्तरगत रहेको बजेट नीति कार्यक्रम तर्जुमा समितिले तयार गरि पेश गरेको आर्थिक वर्ष २०७४/०७५ को वार्षिक नीति कार्यक्रम तथा बजेट माथि व्यापक छलफल गरी सो वार्षिक नीति कार्यक्रम तथा बजेटको कुल रकम रु.३५,३३,३७,०००।- पारित गरि रामेछाप नगर सभाको पहिलो अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

रामेछाप नगरपालिका

# रामेछाप नगरकार्यपालिका कार्यालय

रामेछाप बजार

आर्थिक वर्ष २०७४/७५ को बजेट विनियोजन

वार्षिक अनुमानित आय

| क्र.सं. | विवरण | ईकाई | संख्या | दर | रकम | जम्मा रकम |
|---|---|---|---|---|---|---|
| १ | आन्तरीक आय | | १ | १,५००,००० | | १,५००,००० |
| २ | राजस्व बाँडफाँड बाट प्राप्त आय | | १ | १,०००,००० | | १,०००,००० |
| ३ | वित्तीय समानिकरण (केन्द्रिय) | | १ | २०८,९८२,००० | | २०८,९८२,००० |
| ४ | सशर्त अनुदान (स्वास्थ्य, शिक्षा, कृषि र पशु) | | १ | १३४,३५५,००० | | १३४,३५५,००० |
| ५ | लागत सहभागिता | | १ | ७,५००,००० | | ७,५००,००० |
| | कुल आय | | | ३५३,३३७,००० | | ३५३,३३७,००० |

वार्षिक अनुमानित व्यय

| क्र.सं. | | विवरण | ईकाई | संख्या | दर | रकम | जम्मा रकम |
|---|---|---|---|---|---|---|---|
| १ | | चालु खर्च | | १ | ४०,०००,००० | | ४०,०००,००० |
| २ | | समपुरक कोष | | १ | ४,५००,००० | | ४,५००,००० |
| ३ | | विषेश कोष | | | | | ५,०००,००० |
| | ३१ | कर्मचारी कल्याण कोष | | १ | २००,००० | २००,००० | |
| | ३२ | मर्मत संभार विशेष कोष | | १ | ३,३००,००० | ३,३००,००० | |
| | ३३ | महिला तथा समाजिक समावेशीकरण विशेष कोष | | १ | ५००,००० | ५००,००० | |
| | ३४ | विपद् व्यवस्थापन विशेष कोष | | १ | १,०००,००० | १,०००,००० | |
| ४ | | क्रमागत योजना | | १ | ६,४००,००० | | ६,४००,००० |
| ५ | | प्रवर्द्धनात्मक कार्यक्रम | | | | | ३,०००,००० |
| | ५१ | वडा नं.६ र ९ को वडा कार्यालयमा शौचालय निर्माण | | २ | २००,००० | ४००,००० | |
| | ५२ | एक गाँउ एक उत्पादान कार्यक्रम | | १ | २००,००० | २००,००० | |
| | ५३ | खुल्ला दिसा मुक्त क्षेत्र घोषणा अभियान | | १ | ३००,००० | ३००,००० | |
| | ५४ | नगर स्तरीय भलिवल प्रतियोगीता ( अन्तर वडा) | | १ | २००,००० | २००,००० | |
| | ५५ | पुस्तकालय व्यवस्थापन | | १ | २००,००० | २००,००० | |
| | ५६ | बृक्षारोपण कार्यक्रम | | १ | ५००,००० | ५००,००० | |
| | ५७ | सुरक्षित बैदेशिक रोजगार सम्बन्धि जानकारीमुलक सुचना प्रवाह | | १ | १००,००० | १००,००० | |
| | ५८ | खानेपानी तथा सरसफाई प्रवर्धन | | १ | १,१००,००० | १,१००,००० | |
| ६ | | विषयगत मन्त्रालय अन्तरगतका कार्यक्रम | | १ | ५,०००,००० | | ५,०००,००० |
| ७ | | पर्यटन प्रर्वधन | | | | | १५,५००,००० |
| | ७१ | भीमसेनस्थान मन्दिर परिसर उद्यान र सत्तल भवन छाना, वडा नं.९ | | १ | ६००,००० | ६००,००० | |
| | ७२ | डुकुरसिंडाँडा पिकनिक क्षेत्र विकास, वडा नं.८ | | १ | ५००,००० | ५००,००० | |
| | ७३ | तारखसे पोखरी व्यवस्थापन, वडा नं.७ | | १ | १४००,००० | १४००,००० | |
| | ७४ | भालुखोप भ्यू टाव निर्माण, वडा नं.६ र ७ | | १ | १०,०००,००० | १०,०००,००० | |
| | ७५ | गणेशटार पार्क निर्माण, वडा नं.६ | | १ | ५००,००० | ५००,००० | |
| | ७६ | मानेडाँडा पिकनिक क्षेत्र विकास, वडा नं.५ | | १ | ५००,००० | ५००,००० | |

Scanned with CamScanner

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ७७ | घुमाउने पोखरी पिकनिक क्षेत्र विकास, वडा नं.४ | | १ | ५००,००० | ५००,००० | |
| | ७८ | साघुटार हाटबजार व्यवस्थापन, वडा नं.३ | | १ | ५००,००० | ५००,००० | |
| | ७९ | देउराली लहरेनी भञ्ज्याङ्ग पिकनिक क्षेत्र विकास, वडा नं.२ | | १ | ५००,००० | ५००,००० | |
| | ८ | गोगनेडाडा आहाल गैरा पिकनिक क्षेत्र विकास, वडा नं.१ | | १ | ५००,००० | ५००,००० | |
| ८ | कृषि तथा पुशपालन एक वडा:एक कार्यक्रम | | वडा | ९ | ५००,००० | ४,५००,००० | ४,५००,००० |
| ९ | खानेपानी | | | | | | १५,६००,००० |
| | | केन्द्रिय खानेपानी पुन:निर्माण, वडा नं.१ गोठगाउ | वटा | १ | २,०००,००० | २,०००,००० | |
| | | वडा नं. २, खानेपानी व्यवस्थापन | वटा | १ | १,०००,००० | १,०००,००० | |
| | | वडा नं.३, खानेपानी व्यवस्थापन | वटा | १ | १,०००,००० | १,०००,००० | |
| | | पंखर पचलेखोला तिलबारी लिफ्ट खानेपानी योजना, वडा नं.४ | वटा | १ | ३,०००,००० | ३,०००,००० | |
| | | लाम्पाते आरन खोला लिफ्ट खानेपानी योजना, वडा नं.६ | वटा | १ | २,०००,००० | २,०००,००० | |
| | | खिर्रेपानी लिफ्ट खानेपानी योजना, वडा नं.७ | वटा | १ | १,०००,००० | १,०००,००० | |
| | | वडा नं. ८, खानेपानी व्यवस्थापन | वटा | १ | ६००,००० | ६००,००० | |
| | | हर्दिनि लिफ्ट खानेपानी योजना, माझी बस्ती, वडा नं.९ | वटा | १ | ५००,००० | ५००,००० | |
| | | प्रत्येक वडा खानेपानी मर्मत सुधार | वडा | ९ | ५००,००० | ४,५००,००० | |
| १० | लक्षित कार्यक्रम | | | | | | ८,०००,००० |
| | १०.१ | बालबालिका | | | | १,०००,००० | |
| | | बाल सञ्जाल गठन र व्यवस्थापन | वटा | १ | २००,००० | २००,००० | |
| | | प्रत्येक वडामा १ विद्यालयमा स्काउट कार्यक्रम | वटा | १ | ३००,००० | ३००,००० | |
| | | वालबालिकाकालागि खेलकुद कार्यक्रम | वटा | १ | ३००,००० | ३००,००० | |
| | | आधारभुत तहमा उत्कृष्ट विद्यार्थी पुरस्कार | वटा | १ | २००,००० | २००,००० | |
| | १०.२ | महिला | | | | २,३००,००० | |
| | | महिला सञ्जाल गठन र व्यवस्थापन | वटा | १ | २००,००० | २००,००० | |
| | | सिलाई कटाई तालिम ३ महिने (३६ जना) | वटा | १ | ५००,००० | ५००,००० | |
| | | ब्युटिसियन तालिम १ महिने (१८ जना) | वटा | १ | २००,००० | २००,००० | |
| | | लोकसेवा तयारी कक्षा (ना.सु. स्तर) ४५ जना | वटा | १ | ४००,००० | ४००,००० | |
| | | बेमौसमि तरकारी खेती सम्बन्धि तालिम ५ दिने (२७ जना) | वटा | १ | १००,००० | १००,००० | |
| | | नेतृत्व विकास तालिम ५ दिने )२७ जना) | वटा | १ | २००,००० | २००,००० | |
| | | महिला स्वयंम सेविकाहरुको लागी क्षमता विकास कार्यक्रम | वटा | १ | ३००,००० | ३००,००० | |
| | | लघु उद्यम विकास तालिम ५ दिने (२७ जना) | वटा | १ | ४००,००० | ४००,००० | |

Scanned with CamScanner

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | १०.३ | दलित, अपाङ्ग, जेष्ठ नागरीक जनजाती अल्पसंख्यक | | | | २,०००,००० | |
| | १०.३१ | दलित | | | | १,१००,००० | |
| | | दलित नगर सञ्जाल गठन र व्यवस्थापन | पटक | १ | २००,००० | २००,००० | |
| | | दलितका लागि पञ्चेबाजा संरक्षण, आधुनिक बाजा प्रवर्धन कार्यक्रम | पटक | १ | ४००,००० | ४००,००० | |
| | | दलितका लागि लोक सेवा तयारी कक्ष (खरिदार स्तर) २७ जना | पटक | १ | ३००,००० | ३००,००० | |
| | | आरण सुधार कार्यक्रम | पटक | १ | २००,००० | २००,००० | |
| | १०.३२ | अपाङ्ग | | | | ५००,००० | |
| | | अपाङ्गहरुका लागि सहायता सामाग्री वितरण | पटक | १ | २००,००० | २००,००० | |
| | | अपाङ्गहरुका लागि सिप विकास तालिम | पटक | १ | ३००,००० | ३००,००० | |
| | १०.३३ | जेष्ठ नागरीक सम्मान | पटक | १ | ३००,००० | ३००,००० | |
| | १०.३४ | कला संस्कृति विकास कार्यशाला | पटक | १ | १००,००० | १००,००० | |
| | १०.४ | वडा नं.१ देखी ९ सम्म लक्षीत वर्गकोलागि सिपमुलक तथा क्षमता विकास तालिम | वडा | ९ | ३००,००० | २,७००,००० | |
| ११ | सडक | | | | | | ५०,०००,००० |
| | १११ | गोठगाउ-गाविस डाडा, हुदै चण्डीडाडा सडक स्तरोन्नती | पटक | १ | २,०००,००० | २,०००,००० | |
| | ११२ | देउराली-लाम्टे-बस्नेत गाउ- कात्तिके हुदै साघुटार सडक | पटक | १ | २,०००,००० | २,०००,००० | |
| | ११३ | बासुडाडा-नेवारटोल-रिठ्ठाबोटहुदै कमलाबारी ट्याक ओपन र सडक स्तरोन्नती | पटक | १ | २,०००,००० | २,०००,००० | |
| | ११४ | धमिनीछाप-खर्सानीडाँडा-बोलङ्गबोलङ्ग -फेमेटार सडक ट्याक खोल्ने र सडक स्तरोन्नती | पटक | १ | ५,०००,००० | ५,०००,००० | |
| | ११५ | च्यास्कु-लिखुदोभान-कोलन्जोर घाट सडक स्तरोन्नती | पटक | १ | १५००,००० | १५००,००० | |
| | ११६ | काब्रे-रामपुर-बसन्तपुर-चुकियाघाट सडक स्तरोन्नती | पटक | १ | २,०००,००० | २,०००,००० | |
| | ११७ | च्यास्कु-डान्सिङ्गटार-धनेघाट सडक ट्याक ओपन | पटक | १ | २,०००,००० | २,०००,००० | |
| | ११८ | रामेछाप-मुढाजोर-विर्ता-धनेघाट सडक ट्याक ओपन र स्तरोन्नती | पटक | १ | २,०००,००० | २,०००,००० | |
| | ११९ | रामेछाप-राताटार-हर्दिनीघाट सडक स्तरोन्नती | पटक | १ | १५००,००० | १५००,००० | |
| | १११ | सुकाजोर-भालुखोप-ओखेनी-हिमगंगा -तिलबारी ट्याक ओपन र सडक स्तरोन्नती | पटक | १ | २,०००,००० | २,०००,००० | |
| | ११११ | रामेछाप-रिङ्गरोड सडक स्तरोन्नती र ट्याक ओपन | पटक | १ | ३,०००,००० | ३,०००,००० | |
| | १११२ | वडा क्षेत्र भित्रका सडक निर्माण, स्तरोन्नति तथा मर्मत संभार | वडा | १ | २,५००,००० | २,५००,००० | |
| | | | | २ | २,५००,००० | २,५००,००० | |
| | | | | ३ | २,५००,००० | २,५००,००० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | ४ | ५,५००,००० | ५,५००,००० | |
| | | | | ५ | २,५००,००० | २,५००,००० | |
| | | | | ६ | ३,०००,००० | ३,०००,००० | |
| | | | | ७ | २,०००,००० | २,०००,००० | |
| | | | | ८ | २,५००,००० | २,५००,००० | |
| | | | | ९ | २,०००,००० | २,०००,००० | |
| १२ | कभर्ड हल निर्माण, हिलेपानी, वडा नं.७ | | | | ५००,००० | ५००,००० | ५००,००० |
| १३ | सिंचाई | | | | | ५,०००,००० | ५,०००,००० |
| | १३.१ | फलाटे खोला सिंहाले सिंचाई योजना, वडा नं.२ | | | ५००,००० | | |
| | १३.२ | सिमखेत भ्यागुरे खोला सिंचाई पोखरी निर्माण योजना, वडा नं.३ | | | ५००,००० | | |
| | १३.३ | घोप्टेखोला सिंचाई योजना, वडा नं.४ | | | ५००,००० | | |
| | १३.४ | छतिवन सिंचाई योजना, वडा नं.५ | | | ५००,००० | | |
| | १३.५ | कटुञ्जे सिंचाई योजना, वडा नं.६ | | | ५००,००० | | |
| | १३.६ | गोगने खोला सेराबेशी सिंचाई योजना, वडा नं.१ | | | ५००,००० | | |
| | १३.७ | जखनीटार धनेघाट सिंचाई योजना, वडा नं.७ | | | ५००,००० | | |
| | १३.८ | रामेछाप बजारको ढल व्यवस्थापन गर्न लामागाउमा ट्यांकी निर्माण र पाईप खरिद, वडा नं.८ | | | ५००,००० | | |
| | १३.९ | तल्लो राताटार सिंचाई योजना, वडा नं.९ | | | १,०००,००० | | |
| १४ | नगरपालिकाको भवन निर्माण र वडा कार्यालय भवन निर्माण तथा मर्मत | | | | १५,०००,००० | १५,०००,००० | १५,०००,००० |
| १५ | विद्युतिकरण | | | | १०,०००,००० | १०,०००,००० | १०,०००,००० |
| १६ | फोहरमैला व्यवस्थापन र विपद व्यवस्थापन | | | | ५,०००,००० | ५,०००,००० | ५,०००,००० |
| १७ | स्काभेटर, ब्याकहो लोडर र ट्रयाक्टर खरिद | | | | १५,०००,००० | १५,०००,००० | १५,०००,००० |
| १८ | संस्थागत विकास तथा सेवा प्रवाह | | | | २,०००,००० | २,०००,००० | २,०००,००० |
| १९ | वित्तिय व्यवस्थापन र सुशासन | | | | १,४८२,००० | १,४८२,००० | १,४८२,००० |
| २० | सशर्त अनुदान (स्वास्थ्य, शिक्षा, कृषि र पशु) | | | | १३४,३५५,००० | १३४,३५५,००० | १३४,३५५,००० |
| २१ | लागत सहभागिता | | | | ७,५००,००० | ७,५००,००० | ७,५००,००० |
| | जम्मा | | | | | | ३५३,३३७,००० |

Scanned with CamScanner

प्रस्ताव नं.८ राजस्व दररेट सम्बन्धमा ।

निर्णय नं.८ प्रस्ताव नं. ८ माथि छलफल गर्दा रामेछाप नगरपालिकाले आगामी आर्थिक वर्षमा लगाईने आर्थिक वर्ष २०७४/०७५ मा संकलन गरिने राजस्वका शिर्षक अनुसार संलग्न प्राप्त राजस्व परामर्श समितिले गरेको सिफारीसमा व्यापक छलफल गरी सोही सिफारीस वमोजिम राजस्व संकलन शुल्क निर्धारण गरि पारित गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.९ बैठक भत्ता सम्बन्धमा ।

निर्णय नं.९ प्रस्ताव नं. ९ माथि छलफल गर्दा रामेछाप नगरपालिका अन्तरगत नगर सभा, नगरकार्यपालिका, यस अन्तरगत गठित समितिहरुका पदाधिकारीहरुले नगरपालिकाको आवश्यक बैठकहरुमा सहभागी भए वापत प्रति दिन रु.१,०००।- (एक हजार) दर कायम गर्ने निर्णय पारित गरियो ।

प्रस्ताव नं.१० कर्मचारीहरुको करार म्याद थप सम्बन्धमा ।

निर्णय नं.१० प्रस्ताव नं. १० माथि छलफल गर्दा रामेछाप नगरपालिकामा कार्यरत करारका कर्मचारीहरुको करार अवधि यहि असार मसान्त सम्म भएकोले निजहरुको करार अवधि आगामी २०७४ श्रावण देखी पौष महिना सम्मकोलागि करार अवधि थप गरि करार संझौता गर्ने निर्णय गरियो ।

तपशिल

| | |
|---|---|
| १. संविना श्रेष्ठ | सव ईन्जीनियर |
| २. रोशन राज प्रधान | असिष्टेन्ट सव ईन्जिनियर |
| ३. लक्ष्मण के.सि. | हलुका सवारी चालक |
| ४. दिलिपकुमार वराईली | कार्यालय सहयोगी स्वीपर |

हाल कार्यरत तपशिलमा उल्लेखीत कर्मचारीहरुको स्थानिय स्वायत्त शासन ऐन तथा नियमावली अनुसार उमेरहदका कारण सेवा नियमित गर्न नसकिने भएकोले निजहरुले सेवा गरेको अवधिको हाल खाई पाई आएको मासिक पारीश्रमिकको वार्षिक आधा महिनाको पारिश्रमिकले हुन आउने रकम वरावर उपलब्ध गराई ससम्मान विदाई गर्ने निर्णय पारित गरियो ।

| | |
|---|---|
| १. लालवहादुर थापा | कार्यालय सहयोगी |
| २. झपडवहादुर कार्की | कार्यालय सहयोगी |

प्रस्ताव नं.११ कर्मचारीहरुको लागी स्थानीय भत्ता सम्बन्धमा ।

निर्णय नं.११ प्रस्ताव नं. ११ माथि छलफल गर्दा रामेछाप नगरपालिकामा कार्यरत कर्मचारीहरुको स्थानीय भत्ता मासिक खाई पाई आएको तलबको १०% कायम गर्ने निर्णय पारित गरियो ।

Scanned with CamScanner

**प्रस्ताव नं.१२ नगरकार्यपालिकालाई अधिकार प्रत्यायोजन सम्बन्धमा ।**

निर्णय नं.१२ प्रस्ताव नं. १२ माथि छलफल गर्दा रामेछाप नगरपालिकाको नगर सभाले गर्ने भनि निर्दिष्ट भएको कार्यहरुमा नगरकार्यपालिकाले तत्काल नगरि नहुने कार्य सम्पादन गरि तत्काल बस्ने नगर सभामा पेश गर्ने गरि नगरकार्यपालिकामा अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.१३ नगरकार्यपालिका र अन्तरगतका समितिबाट भए गरिएको निर्णय अनुमोदना सम्बन्धमा ।**

निर्णय नं.१३ प्रस्ताव नं. १३ माथि छलफल गर्दा स्थानीय तहको निर्वाचन पश्चात् गठित यस रामेछाप नगरकार्यपालिका र अन्तरगतका समितिबाट भए गरिएको निर्णयहरु अनुमोदनकालागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.१४ वडा नं.१ को गोठगाउ खराने बाटो मर्मतको रकम भुक्तानी सम्बन्धमा ।**

निर्णय नं.१४ प्रस्ताव नं. १४ माथि छलफल गर्दा रामेछाप, सालु, गोठगाउ खरानेको सडक यस वर्षको अविरल वर्षाले सडक क्षतिग्रस्त भई सवारी साधन समेत सञ्चालन हुन नसक्ने भनि सो वडाको वडाध्यक्ष ज्यूवाट सुचना प्राप्त भई नगर प्रमुख, कार्यकारी अधिकृत तथा ईञ्जिनियरको सरसल्लाह बमोजिम तत्काल सडक सुचारु गर्न आवश्यक भएकोले वडाअध्यक्ष ज्यूले प्रतक्ष्य निगरानीमा डोजरको प्रयाग गरि सडक सुचारु गर्ने भनि निर्देशन भए बमोजिम सो सडक सुचारु गरि रु.१,१८,०००।- को विल प्राप्त भएकोले सो रकम कन्टेन्जेन्सिको शिर्षकवाट खर्च लेखी भुक्तानी दिने निर्णय गरियो ।

**प्रस्ताव नं.१५ वडा नं.८ को रामेछाप मानेडाडा भोर्ले विटार सानाबारी सडक सम्बन्धमा ।**

निर्णय नं.१५ प्रस्ताव नं. १५ माथि छलफल गर्दा रामेछाप मानेडाडा भोर्ले विटार सानावारी सडकमा मर्मत संभार भएकोले प्राविधिक प्रतिवेदन वमोजिम रु.२७,०००।- मर्मत संभार विशेष कोषबाट खर्च लेखी भुक्तानी दिने निर्णय गरियो ।

Scanned with CamScanner